मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : २८३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ भदौ २६ गते शनिवार (Saturday, September 11. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

कोरोनाविरुद्धको खोपको पर्खाइमा रहेका नागरिकलाई खोप केन्द्रसम्म पुऱ्याउन सहयोग गरौं । खोप केन्द्रमा भीडभाड नगरौं ।

खोप लगाऔं, कोरोनाबाट बचौं र बचाऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

## सरकारी छाप दस्तखत किर्ते तथा ठगी गर्ने पक्राउ



**सुनसरी, भदौ २५।** इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले विहीवार सरकारी छाप दस्तखत किर्ते गरी ठगी गर्ने एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा महोत्तरी पशुपतिनगर-४ घर भई हाल सुनसरी धरान उपमहानगरपालिका-५ तल्लो देउरालीस्थित दीपक लिम्बूको घरमा डेरा गरी बस्ने ५२ बर्षीय कुमार थापा मगर भन्ने अमरबहादुर लामिछाने रहेका छन् ।

आफू लोकसेवा आयोगको कर्मचारी रहेको र सरकारी जागिर लगाइदिने भनी प्रलोभन देखाई सर्वसाधारणलाई प्रलोभनमा पारी नगद रकम लिई लोक सेवा आयोगको परीक्षा प्रवेश-पत्र समेत वितरण गर्ने र सो वापत मोटो रकम समेत लिए पश्चात लेनदेन प्रकृतिको कागज बनाई झुक्याई ठगी गरेको भन्ने किटानी जाहेरीको आधारमा प्रहरीले उनलाई डेराबाटै पक्राउ गरेको थियो ।

प्रहरीले उनको कोठाबाट सर्वोच्च अदालत काठमाडौ लेखिएको डिजिटल छाप थान -१, लोकसेवा कार्यालय कमलपोखरी काठमाडौ लेखेको रवरको छाप थान -१ (एक), गोप्य लेखेको रवरको छाप थान -१ (एक), जिबछ लामिछाने समेत लेखेको रवरको छाप थान -१ (एक), नेपाल सरकार गृह मन्त्रालय प्रहरी प्रधान कार्यालय काठमाडौ लेखेको रवरको छाप थान -१ (एक), प्रहरी निरीक्षक लेखेको रबरको छाप थान -१ (एक), उपसचिव लेखेको रवरको छाप थान-१ (एक), राष्ट्रिय बाणिज्य बैंक उल्टो उल्लेख भएको रवरको छाप थान -१ (एक), लोक सेवा आयोगको कार्यालय धनकुटा लेखेको डिजिटल छाप थान -१ (एक), शाखा अधिकृत लेखेको छाप थान -१ (एक) लगायत सो सम्बन्धित बिभिन्न कागजातहरु बरामद भएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका अमरबहादुरलाई सरकारी छाप दस्तखत किर्ते तथा ठगी कसुरमा सुनसरी जिल्ला अदालतबाट दिन ७ (सात) को म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

गठबन्धन सरकारको बजेट

# आर्थिक राहतदेखि थप सामाजिक सुरक्षासम्म

**काठमाडौँ, भदौ २५।** सरकारले चालु खर्चतर्फ रहेका सबै बैठक भत्ता कटौती गरेर त्यसबाट प्राप्त हुने रु. पाँच अर्ब बराबरको बजेट कोरोना खोप खरिदका लागि उपयोग गर्ने भएको छ ।

अर्थमन्त्री जनार्दन शर्माले प्रतिनिधिसभाको शुक्रवारको बैठकमा चालू आर्थिक वर्षको बजेटको प्रतिस्थापन विधेयक प्रस्तुत गर्दै बैठक भत्ता, इन्धन, मर्मत, कर्मचारी तालिम खर्च, सीप विकास तथा जनचेता तालिम र गोष्ठीसम्बन्धी खर्च, कार्यक्रम खर्च, अनुगमन मूल्याङ्कन खर्च, भ्रमण खर्च, विविधि कार्यक्रम खर्च शीर्षकमा न्यूनतम् १० प्रतिशतका दरले बजेट कटौती गरिएको उल्लेख गरे । त्यसबापत प्राप्त हुने रु. पाँच अर्ब बराबरको रकम खोप खरिदमा उपयोग गर्न लागिएको अर्थमन्त्री शर्माले जानकारी दिए ।

गत जेठ १५ गते तत्कालीन सरकारले अध्यादेशमार्फत ल्याएको बजेट शुक्रवारदेखि प्रतिस्थापन भएको छ । तत्कालीन सरकारले संघीय संसद्को अधिवेशन बोलाउने तयारी भइरहेका बेला गत जेठ ११ गते प्रतिनिधिसभा विघटन गरेको थियो । बजेटमा राजनीति नहोस् भन्ने उद्देश्यले संविधानमा नै बजेट मिति उल्लेख भए पनि तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अध्यादेशमार्फत बजेट ल्याएका थिए ।

प्रतिस्थापन विधेयकले विभिन्न राजनीतिक आन्दोलमा बलिदान गर्ने परिवारलाई समेत राहत दिने व्यवस्था गरेको छ । जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन तथा विभिन्न राजनीतिक आन्दोलनमा बलिदान दिएका व्यक्तिको परिवारले मासिक रु. तीन हजार बराबरको मासिक भत्ता पाउने भएका छन् । नेकपा (माओवादी केन्द्र) ले विभिन्न आन्दोलनमा शहादत गर्ने शहीदका परिवारलाई मासिक रूपमा भत्ता दिने व्यवस्था गर्न माग गर्दै आएको थियो ।

प्रतिस्थापन विधेयकले समेटेको नयाँ व्यवस्थामा कोरोना प्रभावित न्यून आय भएका तथा असङ्गठित क्षेत्रमा रहेका काम गर्नेलाई एकपटकका लागि रु. १० हजार बराबरको



नगद अनुदान दिने व्यवस्था गरिएको छ । रोजगारी र आय आर्जन गुमाएका अनौपचारिक एवम् असङ्गठित क्षेत्रमा रहेका अति विपन्न गरिब पाँच लाख परिवारलाई राहतस्वरूप उक्त अनुदान रकम उपलबध गराउन लागिएको हो । यस्तो अनुदान रकम स्थानीय तहको समन्वयमा आगामी असोज महिनाभित्र हस्तान्तरण गर्ने गरी आवश्यक तयारी गरिएको अर्थमन्त्रीको भनाइ छ ।

प्रतिस्थापन विधेयकले कृषि तथा पशुजन्य व्यवसायमा रहेको जोखिम न्यूनीकरण गरी यस क्षेत्रमा किसानहरूको आकर्षण वृद्धि गर्न कृषि बाली तथा पशु बीमाको दायरा विस्तार गरेको छ । त्यसमा दिइँदै आएको बीमा प्रिमियम अनुदानमा साविकको ५० प्रतिशतबाट वृद्धि गरी ८० प्रतिशत पुऱ्याइएको छ ।

यस्तै, बेरोजगार युवाको विस्तृतरूपमा एकीकृत अभिलेख

*(बाँकी अन्तिम पृष्ठमा)*

### क्यान्सर, मृगौला र मेरुदण्डका बिरामीलाई पाँच हजार

**काठमाडौं, भदौ २५।** सरकारले क्यान्सर, मिर्गौला रोगी र मेरुदण्डका गम्भीर बिरामीलाई उपचार खर्चका लागि मासिक पाँच हजार रुपैयाँ दिने भएको छ ।

शुक्रबार बसेको प्रतिनिधिसभा बैठकमा अर्थसम्बन्धी अध्यादेशलाई प्रतिस्थापन गर्न विधेयक प्रस्तुत गर्दै अर्थमन्त्री जनार्दन शर्माले ती बिरामीलाई मासिक रु. पाँच हजार दिने जानकारी दिए । अर्थमन्त्री शर्माले यही भदौ २३ गतेसम्म एक करोड ३३ लाख ५९ हजार मात्रा खोप आइसकेको र करिव तीन करोड मात्रा खोप प्राप्त हुने जानकारी दिए । नेपालमा १७ प्रतिशतले कोरोना भाइरस विरुद्धको खोप लगाइसकेको बताउँदै उनले सबै नेपालीलाई निःशुल्क खोप उपलब्ध गराउन सरकारले पाँच अर्ब बजेट विनियोजन गरेको जानकारी दिए ।

अर्थमन्त्री शर्माले चालू खर्चतर्फ बैठक भत्ता, इन्धन, मर्मत, कर्मचारी, खर्च सिप विकास तथा जनचेतना तालिम र गोष्ठी सम्बन्धी, कार्यक्रम, अनुगमन मूल्याङ्कन, भ्रमण र विविध कार्यक्रम खर्च शीर्षकमा न्यूनतम् १० प्रतिशतका दरले बजेट कटौती र उक्त कटौती गर्दा तत्काल बचत हुन जाने देखिएको रु. पाँच अर्ब कोभिड-१९ को खोपका लागि प्रबन्ध मिलाएको बताए । यस्तै राजनीतिक परिवर्तनको आन्दोलनमा बलिदान गर्ने परिवारको लागि जीवनवृत्ति वापत मासिक रु. तीन हजार प्रदान गर्ने व्यवस्था प्रतिस्थापन विधेयकमा उल्लेख गरिएको छ ।

## समानान्तर कमिटी नेकपा एकीकृत समाजवादी पार्टीमा रुपान्तरण




**झापा, भदौ २५।** गत वैशाख ३ गते माधव नेपालको उपस्थितिमा गठन भएको ३५१ सदस्यीय नेकपा एमाले जिल्ला समानान्तर कमिटी झापा नेकपा एकीकृत समाजवादी पार्टीमा रुपान्तरण भएको छ ।

पार्टीको प्रथम जिल्ला भेलाबाट गठित नेकपा एमाले जिल्ला समानान्तर कमिटीलाई नेकपा एकीकृत समाजवादी पार्टीमा रुपान्तरण गर्ने, सचिवालय गठन र १५ वटै स्थानीय तहमा १० दिनभित्र पार्टीका विभिन्न भातृ संगठन र मोर्चा गठन गर्ने समेत निर्णय भएको हो ।

झापाको बिर्तामोडमा शुक्रवार पार्टीका प्रवक्ता तथा प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडा र १ नम्वर प्रदेश अध्यक्ष घनेन्द्र वस्नेतको आतिथ्यमा भएको कार्यक्रममा झापाका पाँच वटै निर्वाचन क्षेत्रमा १५ दिनभित्र क्षेत्रीय कमिटी निर्माण गर्ने, विभिन्न विभागको प्रमुख तोक्नुका साथै त्यस अन्तर्गतका सबै विभागलाई पूर्णता दिने निर्णय भएको छ ।

पार्टीका जिल्ला अध्यक्ष वेदराज रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत युवा संघका केन्द्रीय सचिव प्रत्युष रानाले गरेका थिए भने सञ्चालन जिल्ला सचिव निलमणि बरालले गरेका थिए ।

## जवरजस्ती करणी अभियोगमा तीन जना पक्राउ

**झापा, भदौ २५।** १७ वर्षीया किशोरीलाई सामुहिक जबरजस्ती करणी गरेको अभियोगमा ३ जनालाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा बंगलाचुली गाउँपालिका-७ बिर्खे बस्ने २७ वर्षीय पवन रोका, २० वर्षीय यम बहादुर मास्की र २७ वर्षीय बिनाराम मर्साङी रहेका छन् ।

ती किशोरी बुधबारसाँझ तीजको नाच हेर्न गई फर्किने क्रममा सोही गाउँपालिका एक्लाबर नजिक जंगलमा उनीहरूले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी हाँसीपुरबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

देउमान थेवे भन्छन्

## सभापतिमा अर्को विकल्प छैन



**झापा, भदौ २५।** नेपाली कांग्रेसको १४औं महाधिवेशन अन्तर्गत नगर अधिवेशनको मिति नजिकिँदै जाँदा झापामा कांग्रेसका नेता तथा कार्यकर्ताले उम्मेदवारी घोषणालाई तीब्रता दिएका छन् ।

वडा अधिवेशन सम्पन्नसँगै गाउँ तथा नगर अधिवेशनको मिति नजिकिँदै छ ।

नगर अधिवेशनका लागि अहिले झापाका सबै पालिकामा कांग्रेसका नेता तथा कार्यकर्ता धमाधम विभिन्न पदमा उम्मेदवारी घोषणा गरिरहेका छन् । जिल्लामा सभापति पदका लागि देउमान थेवे र राम कट्टेलको चर्चा चलिरहेका बेला कागेंस नेता थेवेले बिर्तामोडमा पत्रकारहरुसंग कुराकानी गर्दै सहमति, सहकार्य र एकताबाट नेपाली कांग्रेस झापाको १४औं जिल्ला अधिवेशन सम्पन्न हुने बताएका छन् ।

### कांग्रेसमा चुनावी चटारो

१३औं महाधिवेशनमा आफूले सहमतिका लागि सभापति पदको उम्मेदवारबाट पछि हटेको बताउँदै १४औं महाधिवेशनमा आफू सभापतिको बलियो उम्मेदवार भएको दावी गरे । हामीले १३औं महाधिवेशन सहमतिबाट टुङ्ग्याएका हौं, १४औं महाधिवेशन पनि सहमतिबाट नै टुङ्गिन्छ- नेता थेवेले भने - पार्टीका शीर्ष नेताले यो महाधिवेशनलाई एकताको महाधिवेशन गर्ने भन्नुभएको छ, झापा त्यसैपनि कम्युनिष्टका अध्यक्षाको जिल्ला भएकाले हाम्रो अधिवेशन एकताको अधिवेशन हुन्छ ।

सभापतिका लागि कट्टेलको चर्चा गर्दै थेवेले चुनावसम्ममा सहमति र सहकार्यकै लागि प्रयत्न हुने बताए । हाम्रा नेताको प्रत्यत्न उम्मेदवारी घोषणा नगरुञ्जेल नै रहन्छ, म त्यो अवस्थामा पनि पछि हट्ने छैन- उनले भने- मेरो उम्मेदवारी पार्टीका शीर्ष नेताको सल्लाह अनुसार भएकाले सभापतिका लागि अर्को विकल्प नै छैन ।

झापाका १५ वटै स्थानीय तहमा हुने निर्वाचन पनि सर्वसम्मत गर्ने प्रयास जारी रहेको बताउँदै उनले झापा गाउँपालिकामा सर्वसम्मत हुने प्रक्रिया पूरा भइसकेको दावी गरे । कनकाई नगरमा पनि सर्वसम्मत नेतृत्व चयन हुने विश्वास थेवेले व्यक्त गरे । उनले यसअघि झापाका एक सय ३१ वडामध्ये ६४ वडामा सर्वसम्मत नेतृत्व चयन भएको जिकिर गर्दै अन्य वडामा पनि धेरै पदमा

*(बाँकी अन्तिम पृष्ठमा)*

### सऱ्यो महाधिवेशन

**झापा, भदौ २५।** नेपाली कांग्रेसको १४औं महाधिवेशनको कार्यतालिका संशोधन गरिएको छ ।

प्रदेश र केन्द्रीय महाधिवेशन तोकिएकै मितिमा गर्ने गरी बाँकी अधिवेशनको समयतालिका संशोधन गरिएको केन्द्रीय निर्वाचन समितिले जनाएको हो ।

निर्वाचन समिति संयोजक महादेव यादवका अनुसार वडा, पालिका, प्रदेश सभा, प्रतिनिधि सभा र जिल्ला अधिवेशनको मिति परिमार्जन गरिएको हो । संशोधित कार्यतालिका अनुसार अधिवेशन हुन बाँकी २० जिल्लामा ५ असोजमा वडा अधिवेशन हुनेछ ।

पालिका अधिवेशन असोज ९, प्रदेशसभा क्षेत्रीय अधिवेशन असोज १२ र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनका साथै एक मात्रै

*(बाँकी अन्तिम पृष्ठमा)*

## दुर्घटना दुई जनाको मृत्यु

**सुनसरी, भदौ २५।** सुनसरी रामधुनी-६ कान्छीचौक-चतरा सडक खण्डको सुनसरी खोला पुलमा मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालकको मृत्यु छ भने पछाडि सवार घाइते भएका छन् ।

मृत्यु हुनेमा मोरङ कानेपोखरी गाउँपालिका-६का १८ बर्षीय रितिक राई रहेका छन् भने पछाडि सवार सोही स्थानका २१ बर्षीय निरज राई रहेका छन् । विहीवार राति १२ बजे उत्तरतर्फ जाँदै गरेको को३६प ९५८ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई पुलमा ठोक्किएर दुर्घटना हुँदा दुवै जना घाइते भई उपचारको लागि घोपा धरानमा पठाइएको थियो । उपचारको क्रममा

*(बाँकी अन्तिम पृष्ठमा)*

यौन तथा प्रजनन् रोगका विरामीहरूका लागि खुशीको खबर

यही भदौ २८ गते सोमवारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला ।

हाम्रा सेवाहरुः सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीध्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, मलिाहरुको महिनावारी गडबढी, सेतोपानी वग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार । त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ ।

माता मनकामना आयुर्वेद क्लिनिक
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको
घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

"SHINE WITH LIFE, LEARN WITH LOVE, GROW WITH GOD"
VACANCY NOTICE !!

The office of **CES** is looking for a competent and passionate teacher, background BA candidate in **English (FEMALE)** to serve God through teaching, in **PRIMARY LEVEL...**
**Please apply before 29th of Bhadra.**

CHILDREN ENVIRONMENT SCHOOL
Birtamode-01,Jhapa
Contact us : 023-540423, 023-542420, 023-544565

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क** : ९८०६०००३१३/०२३-५९०१६६
नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ ।

JOB OPPORTUNITY

We are on the lookout for qualified, experienced and dynamic professionals for the subsequent postitions.

1. Science Teacher
2. Mathematics Teacher
3. English Teacher
4. Social Studies Teacher
5. Nepali Teacher

Requirements

* Minimum Bachelor's Degree in related area, Master's preferred.
* Minimum 3 years of working experience in English Medium Schools.
* Well Versed in latest teaching pedagogy.
* Excellent Communication and interpersonal skills.
* English Language Proficiency for all subjects except Nepali.

*Interested Candidates can apply with a cover letter and an updated CV latest by **30 Bhadra, 2078** to the following address.*
*Only short-listed candidates will be called for the interview. Telephone inquirey shall not be entertained.*

Takshashila Education Foundation
Birtamode-6, Ghantibari, Jhapa (Nepal)
Phone No: 023-543211



**राष्ट्रिय परिचय-पत्रः** भोजपुरको टेम्केमैयुङ गाउँपालिकामा राष्ट्रिय परिचय-पत्रका लागि फोटो खिचाउँदै स्थानीय बासिन्दा। परिचय-पत्रका लागि स्थानीय बासिन्दाको उत्साहजनक सहभागिता छ। **तस्वीर : युवराज विष्ट/ रासस**

# फलफूलको मूल्यमा गिरावट

**लक्ष्मी उप्रेती**

**मेचीनगर, भदौ २५।** दुईसाताको अवधिमा फलफूलको मूल्य घटेको छ। पछिल्लो समय फलफूलको आपूर्ति सहज भएकाले अधिकांश फलफूलको मूल्यमा गिरावट आएको हो।

मेचीनगरका फलफूल व्यापारीका अनुसार भारतबाट फलफूल आयात हुन थालेपछि बितेको १५ दिनको अवधिमा नगरका फलफूल पसलमा मूल्य घटेको छ। त्यसमा पनि सबैभन्दा बढी स्याउको मूल्य घटेको हो। गएको १५ दिनको तुलनामा स्याउ, मौसम, अनार, केरालगायतका फलफूलको मूल्य घटेको छ भने केहीको स्थिर देखिएको व्यवसायीहरुको भनाइ छ। निषेधाज्ञाका कारण भारतबाट पर्याप्त रुपमा फलफूलको आयात नहुँदा मेचीनगरमा फलफूलको मूल्य निक्कै उच्च थियो। बजारमा फलफूलको आपूर्ति सहजै भइरहेको र उपभोक्ताले कम खरिद गरेकाले फलफूलको मूल्य घटेको व्यवसायीहरुको भनाइ छ।



१५ दिनअघि फुजी स्याउको मूल्य प्रतिकेजी ३ देखि ४ सय रुपैयाँमा किनबेच भए पनि अहिले २ सयदेखि २ सय ५० रुपैयाँ रहेको छ। रेडकुल स्याउको मूल्य घटेर प्रतिकेजी १ सय ३० रुपैयाँमा झरेको छ। १५ दिनअघि बजारमा रेडबुल प्रतिकेजी १ सय ५० देखि २ सय रुपैयाँसम्म पुगेको थियो। मुस्ताङको स्याउ र आयातित स्याउ समेत बजारमा आएकाले मूल्य घटेको हो। प्रतिकेजी ३ सय ५० देखि ४ सय रुपैयाँसम्म विक्री हुँदै आएको अनारको मूल्य घटेर प्रतिकेजी ३ सयमा झरेको छ। १५ दिनअघि एक दर्जनको १ सयदेखि १ सय २५ रुपैयाँमा केरा खरिद गरेका ग्राहकले अहिले ६० देखि ८० रुपैयाँमा एक दर्जन केरा पाउन थालेका छन्।

मेचीनगरको बजारमा फलफूलको मूल्य घटेसँगै उपभोक्तालाई राहत मिलेको स्थानीयको भनाइ छ। काँकरभिट्टा बजारमा फलफूलको मूल्य घटेपछि उपभोक्ताले राहत पाएको उपभोक्ता अधिकारकर्मी अविनाश भट्टराईको भनाइ छ। 'मूल्य घट्नु राम्रो हो'- उनले भने- 'यसले उपभोक्तालाई अलिकति भए पनि राहत हुन्छ।'

नेपालमा व्यवसायिक रुपमा फलफूलको खेती पर्याप्त मात्रा गर्न नसक्दा फलफूलका लागि परनिर्भर बन्नु परेको उनीहरुको भनाइ छ। गत आर्थिक वर्ष २०७७/०७८मा पूर्वी काँकरभिट्टा नाकाबाट मात्र ३२ करोड ९७ लाख ७६ हजार रुपैयाँ मूल्य बराबरका १६ प्रकारका ५ हजार ८ सय ४३ मेट्रिक टन फलफूल आयात भएको थियो।

अघिल्लो आर्थिक वर्ष २०७६/०७७मा यो नाका भएर ९ हजार १ सय ८७ मेट्रिक टन फलफूल आयातका लागि ३२ करोड ५६ लाख ५१ हजार रुपैयाँ विदेशिएको थियो। आर्थिक वर्ष २०७५/०७६मा २७ करोड १ लाख ३० हजार रुपैयाँका फलफूल आयात भएको क्वारेन्टिन कार्यालय काँकरभिट्टाका कार्यालय प्रमुख देविन्द्र साहूले जानकारी दिए।

# इसाई उद्योगी व्यवसायी एकजुट हुँदै



**झापा, भदौ २५।** समग्र इसाई व्यवसायीको हक, हित र व्यवसाय प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले झापाको बिर्तामोडमा अनुग्रह उद्योग तथा व्यवसायी संघ गठन भएको छ।

केशव मैनालीको अध्यक्षतामा १३ सदस्यीय समिति गठन भएको हो। गठित समितिले छरिएर रहेका व्यवसायीलाई एकीकृत गर्दै उद्योग वाणिज्य संघ, आन्तरिक राजश्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय लगायतबाट लिने सेवालाई अझ सहज प्रभावकारी बनाउन व्यवसायीलाई सहयोग पुऱ्याउने बताइएको छ।

इसाई समाजमा आवद्ध व्यवसायीको बिर्तामोडमा सम्पन्न भेलाले मनिकुमार राई उद्योग उपाध्यक्ष, हरि धिमाल वाणिज्य उपाध्यक्ष, सचिवमा डा. कपिलमणि मिश्र, सहसचिवमा दीपेन्द्र अछामी र कोषाध्यक्षमा पुष्प आले चयन भएका छन्। समितिको सदस्यमा भानु प्रसाई, सञ्जय शंकर, दीपेन सुव्वा, तारा न्यौपाने, अनिल मुखिया, दिनेशराज शर्मा, टिमलाल राजवंशी रहेका छन्। त्यस्तै गंगा आले, बीरवहादुर दर्नाल, उद्धव गिरी, अमर कन्दङ्वा, सन्तोष सुब्बा, अमरदीप आले, दिनेश चेम्जोङलाई सल्लाहकार समितिमा चयन गरेको छ।

बिर्तामोड इसाई समाजले आयोजना गरेको कार्यक्रम अमर कन्दङ्वाको अध्यक्षतामा भएको थियो भने सञ्चालन इसाई समाजका सचिव तारा दाहालले गरेका थिए। ग्रेस ग्रुप अफ मिनिट्रिजका डाइरेक्टर सन्तोष सुब्बाले औचित्यमाथि प्रकाश पारेको कार्यक्रम चिल्ड्रेन इन्भारोमेन्ट इङ्लिस स्कूल र ग्रेस ग्रुप अफ मिनिट्रिजले सहयोग पुऱ्याएको बताइएको छ।

# एमसीसीविरूद्ध विप्लवको बिरोध प्रदर्शन

**झापा, भदौ २५।** नेत्र विक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले अमेरिकी मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी)बिरुद्ध झापामा विरोध प्रदर्शन गरेको छ। 'विप्लव' नेतृत्वको नेकपाको पूर्वघोषित कार्यक्रम अनुसार नेकपा जिल्ला कार्य समिति झापाले शुक्रबार जिल्लाको सदरमुकाम भद्रपुरमा एमसीसी सम्झौताबिरुद्ध बिरोध प्रदर्शन गरेको हो।

नेपाल विद्युत् प्राधिकरण अगाडि भेला भएका नेकपाका कार्यकर्ताहरूले शान्तिपूर्ण ऱ्याली प्रदर्शन गर्दै राष्ट्रघाती एमसीसी सम्झौता खारेज गर, राष्ट्रिय स्वाधीनताको रक्षा गर, दलाल सरकार मुर्दावाद, वैज्ञानिक समाजवाद जिन्दाबाद जस्ता नाराबाजी गरेका थिए। उक्त ऱ्याली सदरमुकामको सरकारी कार्यालय हुँदै लेखनाथ चोक, चन्द्रगढी बजार परिक्रममा गर्दै कृषि बैङ्क अगाडि आएर कोणसभामा परिणत भएको थियो।

कोणसभा बोल्दै नेकपाका जिल्ला सचिव तारा थापा (प्रशान्त)ले एमसीसी राष्ट्रघाती सम्झौता भएको भन्दै यसकोबिरुद्ध सबै जनता सडकमा उत्रिनुपर्ने बताए। देशका नेताहरूलाई राष्ट्रको ढुकुटी लुटेर नपुगेको आरोप




लगाउँदै उनले भने- 'जनताबाट चन्दा सङ्कलन गरेर नेतालाई सहयोग गरौंला, तर राष्ट्रघाती सम्झौता कुनै पनि हालतमा गर्न दिँदैनौं।' राष्ट्र जनजागरण मञ्च नेपालका केन्द्रीय संयोजक सुरेन्द्र कार्कीले समाजवाद र प्रजातन्त्रको नारा लगाएर सरकारमा गएको कांग्रेस आज सत्तामा पुगेपछि देश बेच्न लागीपरेको आरोप लगाए। उनले एमसीसी सम्झौता इष्टइण्डीया कम्पनीको नमूना रहेको भन्दै अमेरिकाले नेपालको सार्वभौम सत्तामाथि हस्तक्षेप गर्न लागीपरेको दावी गरे।

यता एमसीसी उपाध्यक्ष फातिमा सुमार नेतृत्वको टोली बिहीबार काठमाडौं आएको छ। टोलीले प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, एमालेका अध्यक्ष केपी शर्मा ओली, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड), जसपा अध्यक्ष उपेन्द्र यादव, संघीय परिषद् अध्यक्ष बाबुराम भट्टराई लगायतका नेताहरूसँग छुट्टाछुट्टै भेटघाट गरी नेपालमा एमसीसी सम्झौता अनुमोदनका विषयमा छलफल गरेको थियो।

# मृगौला पीडित दुई शिक्षकलाई सहयोग

**झापा, भदौ २५।** मृगौला पीडित भद्रपुरका दुई शिक्षकलाई उपचारका लागि सहयोग रकम हस्तान्तरण गरिएको छ।

नेपाल शिक्षक महासंघ भद्रपुर नगर समितिको अगुवाइमा सङ्कलन गरिएको ३ लाख ६६ हजार रुपैयाँ मिर्गौला पीडित शिक्षकद्वय 'मोहम्मद बदरूद्दिन र गीता भण्डारीलाई हस्तान्तरण गरिएको महासंघका नगर अध्यक्ष गणेश गिरीले जानकारी दिए।

महासंघ नगर समितिले 'मो. बदरूद्दिन-गीता भण्डारी बचाऊ अभियान' थालेको छ। मृगौला प्रत्यारोपणका लागि भारतको दिल्ली पुगेका गीतालाई एक लाख ७० हजार रुपैयाँ बैङ्क खातामा जम्मा गरिदिएको र प्रत्यारोपणका लागि भारत जाने तयारीमा रहेका बदरूद्दिनलाई उनकै घरमा पुगेर एक लाख ९६ हजार रुपैयाँ हस्तान्तरण गरिएको अध्यक्ष गिरीले बताए। शिक्षक बदरूद्दिनका लागि मात्रै २६ हजार रकम सङ्कलन भएकोले उनलाई थपेर दिएको उनको भनाइ छ। विभिन्न विद्यालयका शिक्षक, पूर्व शिक्षक, विद्यार्थी र शुभेच्छुक दाताले महासङ्घको आव्हान अनुसार सो रकम सहयोग गरेको र शिक्षक संघ-संगठनलाई समेत आभार प्रकट गर्दै इच्छुक दाताहरूलाई सहयोगको ढोका अझै खुला रहेको उनले जानकारी दिएका छन्।

वीरेन्द्र माविकी शिक्षक गीताको प्रत्यारोपण भारत दिल्लीको नोयडास्थित फोर्टिज हस्पिटलमा हुन लागेको छ। उनीहरू परिवारसहित दिल्ली पुगिसकेका छन्। त्यस्तै भद्रपुर माविका शिक्षक बदरूद्दिनलाई मृगौला दान दिने व्यक्तिको तीव्र खोजी भइरहेको पारिवारिक स्रोतले जनाएको छ। उनलाई पनि भारत लैजाने तयारी भइरहेको पारिवारिक स्रोतले जनाएको छ।

यसअघि भद्रपुरका शिक्षकद्वय अनीता रिजाल र जयिता रायको अगुवाइमा शिक्षकद्वयको उपचारका लागि ६० हजार ५०२ रुपैयाँ रकम सङ्कलन गरी उनीहरूलाई हस्तान्तरण गरिसकेका छन्।


## अब बिर्तामोडमा घर-घरमै स्वास्थ्य सेवा

**VARANNYA HEALTHCARE AT HOME**

**तपाईंको स्वास्थ्य सेवामा नौलो प्रयोग !**
**के यो सम्भव छ ?**

*यसलाई सम्भव र सफल बनाउने हाम्रो सपना र प्रतिबद्धता*

- तपाई सूचना दिनुहोस् हामी तपाईंका रोग सम्बन्धी विशेषज्ञ डाक्टरका साथ घरमै आएर उपचारमा संलग्न हुनेछौं।
- उपचारको पहिलो चरणमा अस्पताल धाउनु पर्ने र अनेक झन्झटबाट मुक्त गर्नेछौं।
- तपाईंको उपचार सेवाका बारेमा आवश्यक प्राथमिक उपचार, परामर्श तथा विशेषज्ञ सेवाका लागि हामी तत्पर छौं।

**उपलबध हुने सेवाहरू**

- चिकित्सकीय सेवा
- ल्याव सेवा
- कोभिड-१९ सम्बन्धी सेवा
- नर्सिङ सेवा
- फिजियोथेरापी सेवा

**तपाईंहरुको सेवामा समर्पित**

**वरेण्य हेल्थकेयर सर्भिस क्लिनिक प्रा.लि.**
**बिर्तामोड-१, झापा (सम्पर्क नं. ९८२४०६६०५२)**

*उल्लेखित सेवा बाहेक हाल महामारीको रूपमा रहेको कोभिड-१९ को संक्रमणविरुद्धको हाम्रो अभियान अन्तर्गत निम्न सेवाहरूका लागि पनि हामी प्रतिबद्ध छौं।*

- रुघा, खोकी, झाडापखाला, जिउ दुख्ने जस्ता लक्षण देखिएमा कोभिड-१९ को संक्रमण हुनसक्छ। यस्तोमा Home Care Management अन्तर्गत प्रदान गरिने सहज सेवाहरु :
- RAT Antigen Test अथवा PCR Test, रगतको परीक्षण, एक्स-रे, सीटी स्क्यान (CT–Scan)
- उल्लेखित सेवामा विज्ञ चिकित्सकको निगरानी तथा Paramedical Team द्वारा घरदैलोमा सेवा।

*रिपोर्ट पोजेटिभ आए :*
होम आइसोलेसन प्याकेज अन्तर्गत :

- डाक्टर (M.O.) Visit
- कन्सलेन्ट डाक्टरको परामर्श सेवा
- विज्ञद्वारा कोभिड सुरक्षा शिक्षा
- विज्ञद्वारा पोषण शिक्षा
- डाक्टरद्वारा Home Isolation Support का लागि प्रत्यक्ष सेवा।

**Post-Covid Management**
कोभिड उपचारपछि अस्पतालबाट घर फिर्नु भएको छ र चिकित्सकीय सेवा आवश्यक छ भने डाक्टर, नर्स, पारामेडिकल तथा टेली कन्सल्टेन्ट सेवा

- पोस्ट कोभिड सुरक्षा सम्बन्धी शिक्षा
- पोषण सम्बन्धी सेवा

**VARANNYA HEALTHCARE SERVICE**
CLINIC Pvt. Ltd.
Birtamode-1, Jhapa, Nepal, Mob.9824066052


## आर्थिक ...

तयार गर्ने, श्रम समूह वा श्रम सहकारीमार्फत युवाहरूलाई सङ्गठित गरी व्यावसायिक दक्षता अभिवृद्धि गर्न तालिम उपलब्ध गराइने भएको छ।

श्रम समूह वा श्रम सहकारीहरूले सार्वजनिक निर्माण क्षेत्रमा रु १० करोडसम्मको लागतको आयोजनामा आपसी प्रतिस्पर्धामार्फत सहभागी गराउन कानूनी प्रबन्ध गरिएको छ। सरकारबाट सञ्चालन हुने श्रममूलक रोजगार कार्यक्रममा विपन्न दलित एवं अति गरिब नागरिकलाई पहिलो प्राथमिकतामा राखिने भएको छ।

**३०० अधिक रोजगारी दिनेलाई राहत**

सरकारले ३०० भन्दा बढी रोजगारी दिने उद्योगलाई विशेष राहत दिने भएको छ। राष्ट्रिय महत्वका जलविद्युत् आयोजना, अन्तर्राष्ट्रिय विमानस्थल, भूमिगतमार्ग तथा सडकमार्ग, रेलमार्ग जस्ता पूर्वाधार विकास आयोजना त्यसमा समेटिएका छन्।

यस्तै, सिमेन्ट उद्योग, स्टिल उद्योग, कृषिमा आधारित उद्योग, पर्यटन सेवासँग सम्बन्धित उद्योग तथा ३०० जनाभन्दा बढी स्वदेशी कामदारलाई रोजगारी दिने र ५० प्रतिशतभन्दा बढी स्वदेशी कच्चा पदार्थ उपयोग गर्ने उत्पादनशील उद्योगमा गरिने लगानीलाई विशेष प्रोत्साहनको व्यवस्था गरिएको छ।

त्यसैगरी २०० मेघावाटभन्दा माथिका जलाशययुक्त र अर्धजलाशययुक्त जलविद्युत् आयोजनाका लागि समेत छुट र सहुलियत दिई लगानी आकर्षित गर्ने लक्ष्य सरकारले राखेको छ। जलस्रोतको बहुउपयोगका लागि नयाँ योजनाहरु तयार गर्दा जलविद्युत् उत्पादन क्षमता, सिञ्चाइको सम्भाव्यता र खानेपानीको स्रोतको पहिचान गर्न एकीकृत नक्साङ्कन तयार गर्ने सरकारको सोच छ।

यसैगरी सरकारले शहरी विपन्न नागरिकका लागि सामाजिक संस्थाको सहकार्यमा काठमाडौं उपत्यकाको कम्तीमा १० स्थानमा सुपथ र सुलभ खानाको व्यवस्था बजेटमा गरिएको छ।

नेपालको ऐतिहासिक जनआन्दोलन एवं जनयुद्ध र मधेश आन्दोलनलगायतमा त्याग र नेतृत्व गर्नुहुने अग्रज राजनीतिज्ञको इतिहास समेट्ने गरी सङ्ग्रहालय निर्माण गर्ने सरकारको योजना छ। त्यसका लागि चालू आवको बजेटमा बजेट विनियोजन गरिएको छ। त्यस्तै, नेपालको धर्म, संस्कृति, परम्परा प्रदर्शित हुने गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्न धार्मिक सङ्ग्रहालय स्थापना गरिने भएका छन्।

**महिला पहिला कार्यक्रम**

सामाजिक, आर्थिक तथा राजनीतिक रूपमा पछाडि पारिएका महिलालाई थप अधिकार सम्पन्न बनाई नेतृत्व क्षमताको विकास गर्ने उद्देश्यका साथ सरकारले महिला पहिला कार्यक्रम सार्वजनिक गरेको छ। अर्थमन्त्री शर्माले प्रस्तुत गरेको बजेटको प्रतिस्थापन विधेयकमा देशभरका छ हजार ७४३ वटै वडामा वडामा महिला नेतृत्व संयन्त्र विकास गरिने भएको छ। त्यसबाट महिलाको क्षमता अभिवृद्धि हुनेछ। आर्थिक र सामाजिकरूपले सक्षम तुल्याउन महिलालाई प्राथमिकता दिने गरी उक्त कार्यक्रम सञ्चालन गर्न लागिएको हो।

पूँजी बजारमा वित्तीय सुशासन कायम गरी सर्वसाधारण लगानीकर्ताको हित संरक्षण गर्ने सरकारको योजना छ। सरकारी स्वामित्वका सम्भाव्य सार्वजनिक संस्थानहरूलाई आवश्यकतानुसार पूर्ण सरकारी स्वामित्वका कम्पनी मोडलमा रूपान्तरण गरिने भएको छ। त्यसबाट पूँजी बजारमा सूचीकृत गर्दै आत्मनिर्भर र लगानीको थप स्रोत जुटाउन सक्षम बनाउने योजना बजेटमा समावेश छ। त्यसका लागि छुट्टै नीति तय गरिने भएको छ। त्यस्तै अर्थमन्त्रीले चालु आर्थिक वर्षका लागि वैदेशिक ऋणतर्फको अंशलाई रु. ३७ अर्बले घटाएको जानकारी दिए।

## सऱ्यो ...

प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १५ र एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अविधेशन असोज १८मा गर्ने संशोधित कार्यतालिकामा उल्लेख छ।

भदौ १८बाट कांग्रेसको महाधिवेशन प्रक्रिया शुरु भइसकेको छ। ५७ जिल्लामा वडा अधिवेशन सम्पन्न भइसकेको छ भने बाँकी २० जिल्लाको क्रियाशील सदस्यता सार्वजनिक गरिएको छैन। कात्तिक १० देखि १२ सम्म प्रदेश अधिवेशन र मंसीर ९-१३ सम्म काठमाडौंमा गर्ने केन्द्रीय महाधिवेशनको समय तालिका भने यथावत् रहेको निर्वाचन समितिले जनाएको छ।

## दुर्घटना ...

रितिकको मृत्यु भएको हो। अर्का घाइते निरजलाई थप उपचारको लागि बिराट नर्सिङ होम बिराटनगर रेफर गरिएको र दुर्घटना भएको मोटरसाइकल इलाका प्रहरी कार्यालय पकलीमा रहेको छ।

उता संखुवासभाको मकालू गाउँपालिका-३ समटारस्थित निर्माणाधीन खाँदवारी-किमाथाङ्का सडकखण्डमा रौता कन्स्ट्रक्सन कम्पनीको जेसीभी लोडर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा संखुवासभा खाँदवारी नगरपालिका-६ माथिल्लो पाङ्ठाका २४ बर्षीय श्याम बिक रहेका छन्। विहीवार बिकले चलाएको ज.१क.४१२ नम्बरको जेसीभी काम गर्ने क्रममा पल्टेर १०० मिटर तल झरी दुर्घटना हुँदा उनको घटनास्थलमा नै मृत्यु भएको थियो।


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।



## रोङ गाउँपालिकाको अत्यन्त जरुरी सूचना

**मितिः २०७८।०५।०७**

यस रोङ गाउँपालिका क्षेत्रभित्र मिति २०७८ साल असोज १ गतेबाट प्लाष्टिकका झोलाको प्रयोग पूर्णरुपमा निषेध गरिएको छ। सम्पूर्ण रोङवासी आदरणीय दाजुभाइ, दिदीबहिनीहरुमा प्लाष्टिकको झोलाको प्रयोग पूर्ण रुपमा बन्द गरिदिनुहुन यसै सूचना मार्फत अनुरोध गरिन्छ। यदि यस सूचनाको उल्लघंन गरी प्लाष्टिकको झोला प्रयोग गरेको पाइएमा पसल, व्यवसायीहरुबाट रु. १,०००/- र व्यक्तिबाट रु. १००/- जरिवाना असुल उपर गरिने समेत जानकारी गराइन्छ।

**फोहोरमैला व्यवस्थापनमा जुट्ने हाम्रो पालो**
**यसका लागि सबैले गरौं हातेमालो।**

**- रोङ गाउँपलिका, इलाम**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

कविता/गजल

# म, देश र राष्ट्रियता



जेबी खत्री

ओ महाशय !
कहाँबाट ल्याएर
रोप्यौ यो विखण्डनको
विष वृक्ष,
एकता र सद्भावको
सुगन्ध मग्मगाइ रहेको
बगैंचा जस्तो सुन्दर
यो देशको माटोमा
र यस्तो भाँडभैलो मच्चायौ ।

मंसीरमा धान काटेर
उदाङ्गो भएको खेत
चैत-बैशाखको
खडेरीमा चर्को घामले
धाँजा फाटे जस्तो
च्यातिन पुग्यो
धर्ती माताको छाती
धाँजा-धाँजा भएर पैतलासम्म
जातीयता र क्षेत्रीयताको
कित्ता-कित्तामा खुम्च्याएर
भाषाभाषी र धर्मबीच
खडा गर्‍यौ विद्वेष
र कुँड्यायौ मन
हिमाल, पहाड, तराइको ।

ओ महाशय !
खबरदार !!
देश भनेको माटो मात्र होइन,
जो काटेर लान सकिन्छ ।
ओसारेर कतै थुपार्न सकिन्छ ।
देश भनेको राष्ट्रियता हो ।
सार्वभौमिकता हो ।
महाशय !
याद रहोस् !
यो मुटुभन्दा प्यारो हुन्छ ।

# गजल



सञ्जु निरौला 'सेजल'

मन्द मुस्कान ओठमा लिइ हाँस्ने गर्छ किसान
पीडासँग लुकामारी खेल्दै बाच्ने गर्छ किसान

घामपानीमा हात-खुट्टाका नङहरू खियाइ
रोपी मानो, मुरी फलाउने सपना साच्ने गर्छ किसान

फुर्सद छैन सधैँ व्यस्त रहँदारहँदै पनि
भुलाइ पीडा सबको सामु नाच्ने गर्छ किसान ।

कला संस्कृति

# लहै गुराँसले सुहाउँछ नेपाली चेलीलाई !



भुवन तामाङ



लहै गुराँसले सुहाउँछ नेपाली चेलीलाई । साँच्चै गुराँसले सुहाउँछ नेपाली चेलीलाई । जेठीलाई हुन् या माइलीलाई, साइँलीलाई हुन् या काइँलीलाई, अन्तरीलाई हुन् या जन्तरीलाई, खन्तरीलाई हुन् या मन्तरीलाई या कान्छीलाई नै किन नहुन् सुहाउँछ गुराँसले सबैलाई । तराईकी चेली हुन् या पहाडकी या हिमालकी उनीहरुलाई गुराँसले सुहाउँछ । गुराँस शीरमा सिउरिउन् या केशराशीमा । चौबन्दी चोलीमा सिउरिउन् या पछ्यौरीमा, चुँदरीमा सिउरिउन् या चुन्नीमा । लहै गुराँसले सुहाउँछ नेपाली चेलीलाई । कानमा सिउरउन् या हात बोकुन्, लहै गुराँसले सुहाउँछ नेपाली चेलीलाई ।

गुराँस प्रकृतिको यस्तो सिर्जना हो जो नेपालमा मात्र पाइन्छ । लाग्छ प्रकृतिले नेपाली चेलीहरुका लागि रचना गरेको हो गुराँस । गुराँसले नेपाली चेलीहरुको सौन्दर्य यसरी खुल्दछ की जसरी निलो आकाशमा सेता-सेता बादलका सौन्दर्य खुल्दछन् । जसरी रातमा ताराहरुका अनि जुनका सौन्दर्य खुल्दछन् । गुराँस धर्तीकै अद्भूत रचना हो । नेपाली चेलीहरुलाई अरु कुनै कुरा चाहिन्न मात्र शीरमा गुराँस सिउरे पुग्छ । लहै गुराँसले सुहाउँछ नेपाली चेलीलाई ।

लहै झरनाले नुहाउँछ नेपाली चेलीलाई । साँच्चै हो झरनाले नुहाउँछ नेपाली चेलीलाई । नेपालका सुन्दर र रमणीय स्थानहरुका कञ्चन पानीको शीतल झरनाले नुहाउँछ नेपाली चेलीलाई । हिमालका कापबाट हुन् या पहाडका चेपबाट छङ्छङ् झर्ने झरना नेपाली चेलीहरुकै लागि सिर्जना भएका हुन् । तीनै झरनाका शीतल पानी बग्दै तराईका मैदानका खोला अनि पोखरीमा पुग्दछन् । त्यही निर्मल पानीले तराईका चेलीहरुलाई नुहाउँछ । हो, सबै नेपाली चेलीहरुलाई झरना कै पानीले नुहाउँछ । युगौं युगदेखि झरिरहेका झरनाहरुले नुहाउँछन् नेपाली चेलीहरुलाई । अनि त नेपाली चेलीहरुको सौन्दर्यको बयान विश्वभरि हुने गर्दछन् । नेपालमा जस्तो प्राकृतिक झरनाहरु कहाँ छन् र ? आहा हाम्रो नेपालमा कति धेरै कुराहरु छन् ती मध्ये झरना पनि एक हो । लहै झरनाले नुहाउँछ नेपाली चेलीलाई ।

कति भाग्यमानी छन् नेपाली चेलीहरु ? उनीहरुलाई बादलले पछ्यौरी ओढाउँछ । बादल र नेपाली चेली एकअर्काका पर्याय हुन् । सेता-सेता निर्मल कञ्चन सुन्दर बादल जस्तै सुन्दर छन् नेपाली चेलीहरु । उनीहरुको सौन्दर्यता निखार्न बादल टुप्लुक्कै आइपुग्छ अनि ओढाउँछ पछ्यौरी । नेपाली चेली अनि पछ्यौरी यो त एकअर्का छुट्नै नसक्ने कुरा हुन् । नेपाली पछ्यौरी विश्वभरि चर्चित छ । ढाकाका हुन् पस्मिनाका जुनकुनै रुपमा हुन् नेपाली पछ्यौरी प्रसिद्ध छ विश्वमा ।

अनि नेपाली चेलीहरु एक ठाउँबाट अर्को ठाउँ जान हिँडिरहन नै पर्दैन । किनकि उनीहरुलाई बतासले उडाएर चाहेको ठाउँमा लगिदिन्छ । बतास नेपाली चेलीहरुको साथी हो । नेपाली चेलीहरुको मनको भावना र बह बुझ्दछ बतासले । नेपाली चेलीहरुको सन्देश चाहेको ठाउँमा चाहेका मान्छे कहाँ लगिदिन्छ बतासले । पवन या हावा या बतास या समीर उस्तै-उस्तै हुन् । यिनीहरु सबै नेपाली चेलीहरुका मित्र हुन् । हो, बतासले उडाउँछ नेपाली चेलीहरुलाई ।

गोरी-गोरी पहाडकी छोरी, तराईकी छोरी अनि हिमालकी छोरी नेपाली चेलीहरु । उनीहरुलाई शीरबन्दीले चिनाउँछ । शीरबन्दी यस्तो कलात्मक गहना हो जो नेपाली चेलीहरुले मात्र लाउँदछन् । नेपालीपनका कलायुक्त शीरबन्दी शीरमा टक्क अड्याएपछि उनीहरुको सौन्दर्यताको निखारता भनिसाध्य हुन्न । घाम, जुन, तारा, आकाश र बादलहरु पनि हेरेकोहेरै हुन्छन् । हो नेपाली चेलीहरुलाई शीरबन्दीले हदैसम्म सुहाउँछ । शीरबन्दी र अरु नेपाली मौलिक गहनाले बिछट्टै सुहाउँछ नेपाली चेलीहरुलाई । नेपाली मौलिक गहनाहरुका दाँजोमा विश्वमा पाइने अरु गहनाहरु फिक्का फिक्का लाग्दछन् । शीरबन्दीले सुहाउँछ नेपाली चेलीहरुलाई ।

नेपाली चेलीहरुलाई चौबन्दीले सुहाउँछ । विश्वमै मौलिक छ नेपालका चेलीहरुले लगाउने चौबन्दी चोली । नेपाली भनेर चिनाउन चौबन्दी चोली लगाए पुग्छ, अर्को परिचय चाहिँदैन । चौबन्दी, सारी, पटुकी अनि पछ्यौरी या मजेत्रो, यति लगाएपछि त विश्वमा अर्को सुन्दरताले भरिएका पहिरन पाउन मुस्किल हुन्छ । हो, चौबन्दीले सुहाउँछ नेपाली चेलीहरुलाई । चौबन्दीले चिनाउँछ नेपाली चेलीहरुलाई ।

पीर दिन आउनेलाई फूल टिपी दिउँला भन्छिन् नेपाली चेलीहरु । नेपाली चेलीहरु जस्ता मित्रवत अरु कोही हुन्नन् । बैगुनीलाई गुनले रिझाउँन सिपालु छन् नेपाली चेलीहरु । अनि भन्छन् नेपाली चेलीहरु, उज्यालो नदेख्नेलाई घाम मागि दिउँला, कर्म सम्झी रुनेलाई आँशु पुछि दिउँला । मन मिल्ने साथीलाई ज्यानै पनि दिउँला । नेपाली चेलीहरुको मिलनसारिता र सहयोगी मन भनिसाध्य छैन । कष्टकर जीवन बिताउन बाध्यहरुलाई सहयोग गर्दछन् नेपाली चेलीहरु, दु:खीहरुलाई मन र धनले सहयोग गरी आँशु पुछिदिन्छन् । मन मिल्ने साथीहरुलाई अभरमा ज्यानै जोखिममा परे पनि उद्धार गर्दछन् । महान् गुणका छन् नेपाली चेलीहरु । अनि त नेपाली चेलीहरुलाई वनपाखा डुलिहिँड्ने डाँफे मुनालहरु पनि खोज्न आउँदछन् । चराचर जगतसम्मलाई थाहा छ नेपाली चेलीहरुको असल गुणहरु ।

चरीसँगै डाली डाली मन खोली घुम्दछन् नेपाली चेलीहरु । मान्छेको भाषा नबुझ्ने चराचुरुङ्गी समेतले नेपाली चेलीहरुको मनको भाषा बुझ्दछन् । नेपाली चेलीहरु सँगसँगै वनपाखा, खुल्ला चउरमा अनि रुखका डाली डाली घुम्दछन् । अनि खहरेको पानीले चैते मन भिजाउँदछन् । चैतको उखरमौलो गर्मी भएर के भो त ? नेपाली चेलीहरुका लागि खहरेहरुले चिसो पानीको मुल फुटाएर बहाइदिन्छन् । नेपाली चेलीहरुका लागि प्रकृति पनि साथीसँगी बनिदिन्छ ।

संगीनीको भाका गाउँदै गाउँबेँसीमा रमाउँछन् नेपाली चेलीहरु । गाउँ, बस्तीका लागि गहना बन्छन् नेपाली चेलीहरु । अनि नाच्छन् चुरा बजाइ छमछम सोरेठीमा । नेपाली चेलीले नै नेपाली मौलिक गीत संगीत, कला चलन र परम्पराहरु जगेर्ना गरिल्याएका छन् । संगिनी, सोरेठी, नेपाली संस्कृति अनि नेपाली चेलीहरु एकअर्काका पर्याय हुन् । गाउँ, बेँसी, बस्ती अनि समाजमा उमङ्ग र खुशीयालीको वातावरण बनाउँदछन् । उनीहरुले धेरै धेरै नेपाली मौलिकता साँचेर ल्याएका छन् । नेपाली चेलीहरुले यसो नगरिदिँदा हुन् त धेरै कुरा उराठ लाग्दा र अधुरा हुन्छन् ।

तराईका मैदान या चउरमा किन नहोस् या पहाड या हिमालका सैंलुङटारमा थापिएका लिङ्गेपिङ्गमा चचहुँई गर्दै मच्चिन्छन् नेपाली चेलीहरु । लिङ्गेपिङ्गको कल्पना र रचना नेपाली चेलीहरुले नै गरेका हुन् र उनीहरुले नेपालीहरुलाई मात्र होइन संसारलाई लिङ्गेपिङ्ग जस्तो मौलिक खेल उपहार दिएका छन् । दशैं, तिहार, ल्होक्षार हुन् या अन्य कुनै चाड या मेला या जात्रा या उत्सवमा लिङ्गेपिङ्ग नभए त्यसको रौनकता खल्लो खल्लो हुन्छ । लिङ्गेपिङ्ग हुन् या रोटेपिङ्ग मच्चाउन र मच्चिन या झुलाउन नेपाली चेलीहरुलाई कसैले सिकाउन पर्दैन । चर्चित गायीका डेजी बराईलीको स्वरमा रहेको 'लहै मलाई गुराँसले सुहाउँछ' बोलको गीतको भावले यीनै महत्वपूर्ण सन्देश दिन्छन् ।

कति धनी छ नेपाली परम्परा ? नेपाली चेलीहरुले थामिल्याएका मौलिक परम्परा नहुँदा हुन् त नेपाल मात्र होइन विश्व नै खल्लो खल्लो हुने थियो । तर, भाग्यवश, विश्वको गहना नेपाल, नेपाली परम्परा, कला र सम्पदा छन् अनि छन् देशै अनि संसारै सुन्दर र उज्यायो पार्ने नेपाली चेलीहरु । गुराँसले सुहाउँछ नेपाली चेलीहरुलाई, अनि सुहाउँछ तराई, पहाड र हिमालकी छोरी नेपाली चेलीहरुलाई शीरबन्दी र चौबन्दीले ।

अनुभूति

# लभ रियाक्ट



डा. रेणुका सोलु

मैले बच्चाको महिनावारी शिक्षण शुल्क तिर्नु थियो, तिरेर फर्किएँ । बाटाभरि पनि सोच्दै आएँ- 'होइन यी माया, प्रेम, गर्न हुने या गर्नैपर्ने, तर लभ गर्न त के बोल्नै नहुने, के रहेछ रहस्य बुझ्न मन लाग्यो । माया, प्रेम र लभमा के भिन्नता रहेछ भन्ने लागिरह्यो अनि डिक्स्नेरी पल्टाएर हेरेँ- 'लभ भन्या प्रेम, माया नै रहेछ ।'

एकदिन कार्यालयको खाजा समयमा क्यान्टिनमा बसेर खाजा खाने तयारीमा थियौं । एकजना सहकर्मी मित्र खाजा पर्खिने क्रममा मोबाइल चलाइरहेकी थिइन् । एकैछिनमा ती मित्र चिटचिट पसिना निकाल्न थालिन्, उठ्दैबस्दै गर्न थालिन् । कतिखेर हातबाट मोबाइल नै झर्न आँटे जस्तो उनका हातहरू काँपिरहेका थिए । मुहारमा एक प्रकारको अजङ्गको डरको हुन्डरी चलिरहेको देखिन्थ्यो । अत्यन्तै हतास मानसिकतामा उनी छट्पटिरहेको देख्दा लाग्थ्यो कि उनले ठूलै पाप गरेकी छन् र पापमोचनका लागि के गरूँ र कसो गरूँ भनेर छटपटिरहेकी छन् ।


निकै बेर यसरी छट्पटिएपछि बल्लबल्ल लामो सास तानेर क्यान्टिनभित्र रहेको बेन्चमा बसिन् । गोजीबाट रुमाल निकालेर निधारको पसिना पुछ्दै भनिन्- 'ओ माइ गड, बल्ल ढुक्क भयो ।' उनको छट्पटीले उनलाई मात्र गरम बनाइरहेको थियो । तर, टेबलमा राखेको खाजा भने चिसिएर बरफ बनिसकेको थियो । उनको निधारमा पसिना ओभाएपछि हामी सँगै खाजा खान बसेका साथीहरूले एकै स्वरमा सोध्यौं- 'होइन हौ एक्कासी तिमीलाई चाहिँ के भएको र होसहवास नै उड्यो एकैचोटी ? बच्चा बिरामी परे कि कोही केही भए ?'

'कहाँ बच्चा बिरामी हुनु नि, आज झन्डै बुढोसँग डिभोर्स हुन लागेको, धन्न कुरा मिलाउन भ्याइहालेँ, थ्याङ्क्स गड, जोगायौ आज मलाई' -यस्तै के-के पुकार्दै अझै व्यस्त थिइन् उनी । होइन के भएको थियो र बुढासँग त्यसरी डिभोर्स नै हुनुपर्ने अनि फेरि डिभोर्सकै खुट्किलामा चढिसकेपछि यति छिटै कसरी मिल्यो त कुरा, के डिभोर्स र मिलन पनि यति छोटो समयमा निर्णय गर्ने विषय हो र ? मैले जिज्ञासा पस्किएँ । 'साँच्चै अचम्मकै कुरा गर्‍यौ यार ! भएको चाहिँ के हो ?' -अर्की साथीले सवाल उठाई ।

'के हुनु नि, हेर न ! बुढाको साथीले मेरो मेसेन्जरमा नमस्कार भाउजु भनेर म्यासेज गर्नुभएछ । सन्चो बिसन्चो सोधखोज सकेर हवस् त बिदा मागेँ है भाउजु, टेक केअर भनेर पठाएको म्यासेजमा 'लभ रियाक्ट' साइन स्वाट्टै पठाइहालेछु । हे भगवान् के सोच्नुभयो होला उहाँले मलाई एकैचोटी लभ रियाक्ट जाँदा अनि उता मेरो बुढालाई भाउजुले त यस्तो लभ रियाक्ट पो पठाउनुभयो अचम्म भन्दै म्यासेज गर्नुभयो भने त फेरि उनले के सोच्ने हुन् । मारिहाल्छन् नि यसरी अर्को लोग्नेमान्छेलाई लभ रियाक्ट पठाउँदा । लोग्नेमान्छेको भर पनि हुँदैन, अरूलाई के असर पर्छ भन्ने हेक्का नै नराखी आइमाईको गल्ती देखाउन अनि आफू सुपेरियर देखिन हतार गर्छन् ।

अस्ति पनि यस्तै लभ रियाक्ट गैहालेछ, बुढाले झन्डै मारेका । माफी मागेर छोडिदिएका बल्ल-बल्ल । आज नि धन्न उनको साथीले भन्नुभन्दा अगाडि नै आफैंले क्लियर बनाउन पाएँ र बचेँ । कस्तो चिप्लिन्छ यो औंला पनि भन्दै बुढालाई लेखेको म्यासेज हामीलाई देखाइन्- 'बूढो हेरन झुक्किएर आज पनि मैले ठूलो गल्ती गरेँ । मैले जानी-जानी गरेको होइन, झुक्किएर थिचिएको हो । तिम्रो साथीले तिमीलाई भन्ला भनेर बरु अगाडि नै मैले इन्फर्म गरिहालेको, प्लिज डन्ट ओरी है बूढो...।' यो म्यासेजको रिप्लाई आएको थिएन । थाह छैन बेलुका अफिस छुटेर घर पुगेपछि कस्तो चल्यो बहस अनि कस्तो बन्यो सम्झौता !

त्यसैगरी एकदिन बच्चाहरूको स्कूलमा शुल्क तिर्न जाँदा स्कूलको प्राङ्गणमा विद्यार्थीहरूको प्रार्थनाको समय




भइरहेको रहेछ । प्रार्थना सकिएपछि एकजना छात्र र एक जना छात्रालाई अगाडि बोलाएर कान समातेर उठबस गर्न लगाए । अनुशासन विभाग प्रमुख चाहिँ माइकबाट ठूलो स्वरमा थर्काइरहेका थिए, 'तिमीहरूलाई लभ गर्न भनेर पठाएको हो ? तिमीहरूका बा-आमाले यतिका फि तिरेर ? कमाउन कति गाह्रो छ थाहा छ तिमीहरूलाई ? यो उमेर, समय भनेको पढ्ने समय हो लभ गर्ने समय होइन भनेर कति सम्झाउनु ! अबदेखि कसैले पनि लभ गरेको थाह भयो भने स्कूलबाट सिधै रेस्टिकेट हुन्छ, याद गर सबैले । लभ गरेर जीवन बर्बाद बनाउने होइन कसैले पनि ।'

ती बच्चालाई लाइनमा पठाए र फेरि अर्का दुई जना बच्चा अगाडि बोलाइयो अनि कान समातेर उठबस गर्न लगाइयो । ती नै अनुशासन विभागीय प्रमुख उर्ली-उर्ली उर्दी जारी गर्न थाले, 'तिमीहरूलाई झगडा गर्न मात्रै आउँछ है, माया गर्न सिकेनौ, जानेनौ तिमीहरूले, एउटै कक्षामा पढ्ने भएपछि त मिलेर माया गरेर पो बस्नुपर्छ, एकअर्कामा प्रेम गर्नुपर्छ । कस्ता रुखा हुन् यी जङ्गली जहिल्यै झगडा गरिरहन्छन् । माया प्रेम नजान्ने, सधैँ झगडा गरिरहने मान्छेभित्र मानवीय गुण हुँदैन, दानवीय प्रवृत्ति हाबी हुन्छ । त्यसैले तिमीहरू मानव हुने कि दानव हुने विचार गर ।'

मैले बच्चाको महिनावारी शिक्षण शुल्क तिर्नु थियो, तिरेर फर्किएँ । बाटाभरि पनि सोच्दै आएँ, 'होइन यी माया, प्रेम, गर्न हुने या गर्नैपर्ने तर लभ गर्न त के बोल्नै नहुने, के रहेछ रहस्य बुझ्न मन लाग्यो । माया, प्रेम र लभमा के भिन्नता रहेछ भन्ने लागिरह्यो अनि डिक्स्नेरी पल्टाएर हेरेँ, 'लभ भन्या प्रेम, माया नै रहेछ ।' शब्दकोष पल्टाएर हेरेँ प्रेमको अर्थ 'कुनै विषय वस्तु वा व्यक्तिका स्वभाव एवम् गुणप्रति मनमा उत्पन्न हुने आकर्षण वा आत्मीयता, अनुराग, कृपा, दया, माया' भन्ने हुँदोरहेछ भने मायाको अर्थ, 'मोहवश कसैका प्रति हुने हार्दिकतायुक्त अनुराग, प्रेम वा स्नेहको भाव, प्यार, प्रीति, ममता, ममत्व' हुने रहेछ ।

मैले धेरैबेर सोचेँ 'लभ' शब्दलाई किन हाउगुजी देख्छन् ! प्रेम आत्मीयता, स्नेहभाव, ममता र ममत्वका लागि लभ गर्न सक्दैन त मान्छेले ? कतै लभ शब्द नै यौनमा लगेर घोल्दै त छैनन् ? होइन भने प्रेमले संसार जित्छ, प्रेमिल बनाउँछ, मान्छेको मन जित्छ, संसार बदल्छ, प्रेम सन्तानले आमा-बाबालाई गर्न सक्छन् एवम् आमा-बाबाले सन्तानलाई प्रेम गर्न सक्छन् ।

जो कसैले आफ्नो माटालाई, आफ्नो राष्ट्रलाई या जनावर, प्रकृति सबै-सबैलाई प्रेम गर्न सक्छन् । प्रेमले हरेक व्यक्तिमा चमक ल्याउँछ, ऊर्जा थपिन्छ, जीवन सुन्दर बनाउँछ । जो मान्छे प्रेम गलत हो भनिरहेको हुन्छ ऊ स्वयम् पनि प्रेम गरिरहेको हुन्छ । प्रेमविनाको संसार कल्पना गर्न सकिन्छ र ? सकिँदैन भने किन लभ अर्थात् प्रेमप्रति यति घृणा ! किन वितृष्णा, किन आक्रोश ? मैले केही बुझ्न सकेको छैन ।

नबुझ्दा-नबुझ्दै पनि म मेरो वरिपरिका हरेक चिजलाई प्रेम गर्छु । परिवार, आफन्त, मित्र, तिनका मलाई मन छुने हरेक विचार, सन्देश, प्रतिक्रिया एवम् भाव कतै पोस्ट भएका छन् भने मैले गर्ने पहिलो सम्बोधन भनेकै लभ रियाक्टबाट नै हो । ती विचार र भावले मेरा हृदय छुन्छन् अनि म हृदयत: प्रेमले ती भावलाई सुमसुम्याउन खोज्छु । के अब म अपराधी भएँ ?

# आम्दानीको स्रोत बन्दै 'अकबरे'

□ युद्धबहादुर बोहोरा

**पाँचथर, भदौ २५।** हरेक हप्ताको बिहान फाल्गुनन्द गाउँपालिका वडा नम्बर ४ स्थित चिलिङ्देनको उकालो बाटोमा डोकोमा भारी बोक्नेको ताँती भेटिन्छन्। उनीहरुको डोकोमा रातो अकबरे खुर्सानी हुन्छ। करिब ५० किलोग्राम बराबरको एकाबिहानै खुर्सानीको भारी बोकेर संकलन केन्द्रमा पसिना पुच्छदै पुग्ने गर्दछन् उनीहरु। त्यहाँ पुग्नलाई लगभग एक घण्टाभन्दा बढी समय लाग्छ तैपनि उनीहरु दुःखी छैनन्।

श्रावणदेखि बेर्ना आफैं उत्पादन गरेर फागुन-चैत महिनामा रोपेको अकबरे खुर्सानीको बिरुवाले असार अन्तिम हप्तादेखि आम्दानी दिन थालेको छ। प्रत्येक वर्ष नयाँ बिरुवा रोप्ने गरेको र एक बोटले न्यूनतम् पाँच सय ग्रामदेखि एक किलोसम्म उत्पादन हुने किसानहरु बताउँछन्। यतिबेला प्रति किलोग्राम तीन सयदेखि तीन सय ५० रुपैयाँसम्म बिक्री हुने गरेको छ। उनीहरुले रोपेर बचेको बेर्ना प्रति गोटा दुई रुपैयाँदेखि पाँच रुपैयाँसम्म बिक्री पनि गर्दछन्। पहाडका कृषकको करोडौं आम्दानीको स्रोत बन्दै गरेको अकबरे खुर्सानी दिनहुँ ग्राहकको माग बढ्दो छ। यो बेला उनीहरुको आम्दानी भित्र्याउन मारामार छ।

कर्मचारी, राजनीतिकर्मी, किसान सबै एकछत्र छन् खेतीमा। घरैपिच्छे व्यावसायिक अकबरे खुर्सानी खेती गर्ने मानिस प्रशस्त भेटिन्छन्। कालो सुनका नामले परिचित अलैंची जस्तै अकबरे खुर्सानीले पनि 'रातो सुन' उपनाम पाउन थालेको छ। अकबरे खुर्सानीको राजधानी भनेर चिनिएको चिलिङ्देनमा २०-२५ वर्ष अघिदेखि किसानले यसको खेती गर्दै आएका थिए। त्यसपछि २०६९ सालमा सिरिजङ्गा कृषि सहकारी संस्था दर्ता गरी व्यावसायिक खेती र सामुहिक बिक्री गर्न थालिएको संस्थाका अध्यक्ष तारावीर नेम्बाङ बताउँछन्।

विभिन्न संस्थाबाट सम्मानित भएको यस संस्थामा हाल ६० जना सदस्यले लगभग दुई सय रोपनी जमीनमा रोपेको खुर्सानी संस्थाले स्थापना गरेको चार वटा संकलन केन्द्रमा हरेक हप्ता जम्मा गर्ने गर्दछन्। हप्तामा २५ देखि ३० क्विन्टल जम्मा हुने खुर्सानी झापामा रहेको मगमग चाउचाउको डिलरले खरिद गरिरहेको संस्थाका सचिव इन्द्र नेम्बाङले जानकारी दिए। यसअघि सुनसरी जिल्लाको इटहरीस्थित रिजल टासी ड्रप कम्पनीले लैजाने गरेको थियो।





संस्थाका धेरै सदस्यले कतिपय बजारमा व्यक्तिगत रुपले बिक्री गरिरहेको हुँदा खरिद गर्ने डिलरको माग अनुसार खुर्सानी पुऱ्याउन नसकेको उनको भनाई छ।

बचत तथा ऋणको समेत कारोबार गर्ने यस संस्थाको जम्मा ४५ लाख बराबरको आर्थिक कारोबार हुँदै गरेको बताइएको छ। यस संस्थामा हाल चार सय सदस्य छन्। संस्थालाई, अकबरे खुर्सानी उत्पादन, प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित कार्यक्रम २०७१-०७४ सम्म पाँचथर उद्योग वाणिज्य संघको आयोजनामा एक गाउँ एक उत्पादन कार्यक्रम सञ्चालन गरेको थियो।

नेपाल उद्योग वाणिज्य महासंघ कृषि उद्यम केन्द्र काठमाडौंको सहयोगमा तालिम सम्पन्न गराइसकेको जनाइएको छ। त्यस्तै, प्रदेश सरकारको सहयोगमा कृषि ज्ञान केन्द्र पाँचथरद्वारा प्राविधिक सहयोगसहित दुईवर्ष पहिलेदेखि अकबरे खुर्सानीको ब्लक कार्यक्रम सञ्चालन आएको छ। ब्लक कार्यक्रम मार्फत मल्चिङ प्लाष्टिक, मिनीटिलर, प्लाष्टिक टनेल, स्प्रे लगायतका सामग्री उपलब्ध गराउँदै आएको सचिव नेम्बाङले बताए।

सोही वडाका डम्बर नेम्बाङ(गोवा)ले करिब चार रोपनी जमिनमा ५० हजार रुपैयाँ लागतमा एक हजार आठ सय वटा बिरुवा रोपेर अहिले हप्ताको ६० किलोग्राम खुर्सानी झापाको दमकमा पठाउने गरेको बताए। उनले गरेको व्यावसायिक खेतीबाट महिनामा लगभग ७० हजार रुपैयाँ बराबरको आम्दानी हुने उनको भनाइ छ। बिहानै डोकोमा उनको श्रीमतीको साथमा दुई घण्टाको बाटो हुँदै बोकेर ल्याउने र झापा जाने गाडीमा क्यारेटमा भरेर पठाउने गर्दछन्। मेहनत गरे विदेशमा गएर कमाई गरे जति घरैमा कमाई हुने उनको दाबी छ।

मकै खेती गर्नुभन्दा धेरै किसान अकबरे खुर्सानीको व्यावसायिक खेती गर्न रुचाउन थालेको बताउँछन् इलाम फाकफोकथुम-१, खाम्बाङ निवासी लालबहादुर र खगेन्द्र बोहोरा। उनीहरुले चार वर्ष पहिले बहुवर्षे अकबरे खुर्सानी लगाएका थिए। अहिले महिनामा ३५ देखि ४५ हजारसम्मको खुर्सानी बिक्रि गर्ने गरेको बताए। शुद्ध अर्ग्यानिक उत्पादन गरेको दाबी गर्ने बोहोराले भने- 'धेरैजसो खुर्सानी घरैबाट ग्राहकले लैजाने गरेका छन्, अहिले बजार खोज्न टाढा जानु परेको छैन।' अकबरे खुर्सानीको यस समयमा सबैतिर चर्चा हुने सिजन छ। यसैबीच इलाम फाकफोकथुम गाँउपालिका उपाध्यक्ष सरस्वती राई(सरु) वडा नम्बर ५ लुम्देका किसानले बारीमा टिप्दै गरेको खुर्सानी रहरले हातमा देखाउँदै किसानलाई उत्साह थप्न सामाजिक सञ्जालमा पोस्ट गरेकी छिन्। त्यस्तै, फाल्गुनन्द-५ का युवा उद्यमी भीम चेम्जोङ पनि खुर्सानी खेतीको तस्वीर सामाजिक सञ्जालमा पोस्ट गरेर प्रचार गर्दछन्।

त्यस्तै वडा नम्बर ४ का स्थानीय अगुवा कृषक बेला-बेला उनको याङ्फुङ कृषि फर्मबाट हुँदै प्रगति भिडियो सामजिक सञ्जालमा हालेर विज्ञापन समेत गर्छन्। बिभिन्न क्षेत्रबाट सम्मानित भई प्रशिक्षकको समेत भूमिका निर्वाह गरेका उनले तरकारी खेती सम्बन्धी जानकारीमूलक प्रशिक्षण पनि दिने गरेका छन्। धेरै किसिमको तरकारी खेती गरेर वर्षेनि लाखौं रुपैयाँको आम्दानी गर्ने नेम्बाङले बेर्नाको लागि बियाँ र तयारी बेर्ना बिक्री गर्दे आएको बताए। उनको फर्ममा उत्पादन भएको तरकारीजन्य वस्तु स्थानीय बजार राँके, देउराली, पुरानो पञ्चमी घुर्बिसे पञ्चमी, उत्तरे, सप्तमी, रवि लगायतका क्षेत्रमा बिक्री हुने गरेको बताउँछन्। शुरुवातको समयमा रोप्ने ड्याङ बनाउन खर्चिलो हुने, मल खरिद गर्न र सामग्री जस्ता कठिनाई व्यहोर्नु पर्दा झन्झट भएता पनि बिरुवा राम्रो हुर्किएमा दुहुनो गाई सरह दैनिक आयस्रोत हुने उनको भनाइ छ। तर, प्राविधिक ज्ञानको अभाव र रोपेको बिरुवा बढी पानी परेका कारण मर्ने, चिसो, सित, तुसारोको असर भएमा खेती गर्न समस्या हुने उनले बताए।

प्रत्येक नेपालीले कौंसीखेती गर्न समेत रहर गर्ने अकबरे खुर्सानी कतिपय मानिसहरु खुर्सानी बिना खाना नखाने पनि छन्। घुर्बिसे निवासी सीता रहपाल सुतकेरी अवस्थामा डाक्टर र परिवारले नखानु भनेको खुर्सानी पनि लुकाएर हरेक समय खाएको बताउँछिन्। त्यसको स्वादले धेरै खाना रुचाउने र अत्यन्तै स्वादिलो हुने उनले बताइन्। मसला, अचारजन्य वस्तुको निर्माण, तयारी खाना, होटल, रेस्टुरेन्ट, खाजा घर, तरकारी लगायतमा प्रयोग हुने अकबरे खुर्सानी पहाडी क्षेत्रमा सामान्यतया गर्मी याममा र न्यानो मौसममा हुने वाली हो। यसले तुषारो र धेरै चिसो पनि सहन सक्दैन त्यसैले टनेल खेती गर्न थालिएको छ। अन्तर्राष्ट्रिय बजारमा पनि कोसेलीको रुपमा जाने गरेको अकबरे खुर्सानी डाक्टरले ग्याष्ट्रिक र चिसोबाट बच्न पनि प्रयोग हुने समेत सल्लाह दिने गरेको पाइन्छ। पूर्वी पहाडी इलाम, पाँचथर, तेह्रथुम, धनकुटा, सङ्खुवासभा, भोजपुर लगायतका जिल्लाहरूमा राम्रो उत्पादन हुने गर्दछ। पहाडको खुर्सानी निक्कै लोकप्रिय मान्ने गरेको पाइन्छ।

## खुकुरी प्रहार गरी हत्या

**ओखलढुंगा, भदौ २५।** ओखलढुंगाको खिजिदेम्बा गाउँपालिका-५ ढाडखर्कका ६८ वर्षीय मित्रबहादुर तामाङको धारिलो हरियार खुकुरी र दाऊ प्रहार गरि हत्या भएको छ।

हत्यामा संलग्न उनकै आफ्नै भाइ ६७ वर्षीय शेरबहादुर तामाङ र शेरबहादुरका छोरा ३६ बर्षीय वीरबहादुर तामाङ रहेका छन्। हत्या भएको जानकारी प्राप्त हुना साथ इलाका प्रहरी कार्यालय खिजिफलाटेबाट प्रहरीको टोली खटि गई खुकुरीसहित हत्यामा संलग्न दुबै जनालाई हत्यामा प्रयोग भएको खुकुरी र दाउसहित पक्राउ गरेको छ।

उनीहरुले अंशबण्डाको विषयमा विवाद हुँदा धारिलो हतियार खुकुरी र दाउले टाउकोमा प्रहार गर्दा मित्रबहादुर तामाङको घटनास्थलमा नै मृत्यु भएको हो। थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय ओखलढुंगाबाट समेत प्रहरी टोली घटनास्थल खटिएको छ। उक्त स्थान जिल्ला प्रहरी कार्यालय ओखलढुंगाबाट ६० किमि पश्चिम उत्तर रहेको प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ।

## घरको रेलिङबाट लड्दा...

**भद्रपुर, भदौ २५।** मेचीनगरमा एक तला घरको रेलिङबाट खसेर एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा मेचीनगर-१२ सहरेडाँगीका ३६ वर्षीय दिलीप चेम्जोङ्ग रहेको प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक राकेश थापाले जानकारी दिए।

प्रहरीका अनुसार बिहीबार आफ्नै घरको पहिलो तलाको रेलिङबाट खसेर चेम्जोङ्ग गम्भीर घाइते भएका थिए। उनी लडेको उनकै घरमा भाडा गरी बस्ने जुनु लिम्बूले देखेपछि तत्काल आफन्तलाई जानकारी गराई उपचारको लागि मनकामना हस्पिटल चारआली लगिएको थियो। त्यहाँ उपचार सम्भव नभएपछि बी एण्ड सी अस्पताल बिर्तामोड पुऱ्याउन साथ डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ।

## गाँजासहित एक जना पक्राउ

**मोरङ, भदौ २५।** मोरङको विराटनगर महानगरपालिका-४ कञ्चनबारीस्थित प्रहरीले पाँच केजी लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा धनकुटा शहीद भूमि गाउँपालिका-७ का २४ बर्षीय सागर राई रहेका छन्। सिआरभी पोष्ट भट्टा चौकबाट खटिएको प्रहरीको टोलीले सार्वजनिक सवारीसाधन चेकजाँच गर्ने क्रममा राईलाई गाँजासहित पक्राउ गरेको हो।

पक्राउ परेका राईलाई जिल्ला प्रहरी कार्यालय मोरङले थप अनुसन्धान गरिरहेको १ नम्बर प्रदेश प्रहरी कार्याले विराटनगरले जनाएको छ।

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| बानासरी राजवंशी | पथरिया-८ | ३९५ | २२१०.०० | आनन्द कु./आनन्दकुमार राई |
| बानासरी राजवंशी | पथरिया-८ | ४०१ | २३००.०० | कामलाल विक |
| चिरञ्जिवी रेग्मी | पथरिया-८ | ९१३<br>१००६ | १५०.००<br>४७६०.०० | छिटु सतार<br>छिटु सतार |
| जनकमाया खतिवडा | केचना-१ | १०२<br>८५<br>८१ | ०,१६२५.००<br>०,३४०५.००<br>०,७५०.०० | भजनलाल राव/भजनलाल राजवंशी<br>भजनलाल राज/भजनलाल राजवंशी<br>भगवन राजवंशी |
| भाषा खतिवडा | केचना-१ | २४८ | ०,३९५०.०० | हरिप्रसाद राजवंशी/पेल्का मिया |
| दधिराम दाहाल | राजगढ-५ | १६४५ | ०,३०५२.७४ | माझी सतार |
| सुकबहादुर तामाङ | पाराखोपी-२ | २७३९ | ०-४-० | लालवीर तामाङ |
| जमसेद अली | टाघनडुब्बा-२ | २२ | ०,२९९०.०० | नागेश्वर केवट |
| भक्ति खवास | पथरिया-२ | ११०३ | ०,३३८६.३० | रितुलाल राजवंशी/कलिया राजवंशी |
| रोहितकुमार सिंह राय | कोरोबारी-२ | ५३९ | ०-८-१० | जात्रु राजवंशी |
| अशोक बुढाथोकी | महाभारा-१ | ७६७ | २-०-१५ | चोखोजोला/चार्खाचोल रा.व. |
| मालढाली राजवंशी | महाभारा-३ | १७४ | ०-१९-५ | बुन्नि दास महतो |
| ठुमोदेवी हरिजन | खजुरगाछी-४ | ९०१<br>९६५ | ६२०.७२<br>४५७.१४ | हरसु सतार/फुनु सतार/पुर्नी कुनु मुसहर |
| भिमा सिंह राजपुत | भद्रपुर-२ | ८ | २२८.५५ | लक्ष्मण |


**पसल बिक्रीमा**

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा।
सम्पर्क : ९८१४९६३४८८

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिस्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**सेक्युरिटी गार्ड चाहियो**

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०,९८२४९८२२९६

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस्।




सम्पर्क: ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।





यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

**उपकार ब्राण्ड**

अब हर घरको शान

स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस्।

नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६-९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्ष: गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** राम्रो समाचारले उत्साह जगाउनेछ। अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। बुद्धिले काम लिँदा चिताएको योजना कार्यान्वयनमा आउनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** बोलीको माध्यमले धेरैलाई प्रभावित पार्न सकिनेछ। आर्थिक क्रियाकलापमा समेत मनग्गे फाइदा हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। नयाँ कामको प्रस्ताव आउनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** सहयोगीहरू प्रशस्तै भेटिने छन्। सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** परिवारजनबाट टाढा भइनेछ। तापनि, समस्या पर्दा सहयोग गर्नेहरू भेटिने छन्। खर्च लागे पनि पछि फाइदा हुने काम फेला पर्न सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** चुनौति पन्छाउँदै रोकिएका काम बनाउन सकिनेछ। टाढाका साथीभाइको निम्तो प्राप्त हुनेछ। शुभचिन्तकहरूले उत्साह जगाउने छन्।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** भौतिक साधन जुट्नाले प्रसन्नता मिल्नेछ। आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा पनि बढी नै फाइदा हुने समय छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** गरिएका कामको राम्रै मूल्यांकन हुनेछ। साझेदारीमा पनि राम्रो फाइदा हुनेछ। आम्दानी बढ्नाले परिवारजनका आवश्यकता पूरा हुने छन्।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ। चिताएको काम बन्नेछ भने अवसरले राम्रै लाभ दिलाउनेछ।